## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रामारोशन गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः०९ संख्याः ०२ मितिः २०८२/०८/११

**भाग-२**

**रामारोशन गाउँपालिका**

## सूचना,विज्ञापन वा सन्देशको समानुपातिक वितरण एवं प्रकाशन प्रशारणका लागि
## सूचना,विज्ञापन र सन्देश प्रकाशन/प्रशारण मापदण्ड -२०८२

**प्रस्तावनाः**

रामारोशन गाउँपालिकामा रहेका सूचना,सन्देश वा विज्ञापन सञ्चार माध्यमलाई समानुपातिक रुपमा उपलब्ध गराई सबै सञ्चार माध्यमहरुको समान विकास गर्ने,जनतालाई सरकारी सूचना सहजै उपलव्ध गराउने तथा सुशासन कायम गर्ने,लोकतान्त्रिक व्यवस्थाको सुदृढिकरणमा टेवा पुर्याउने उद्देश्यले रामारोशन गाउँपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन,२०७४ को दफा ४ अनुसार रामारोशन गाउँपालिकाले रामारोशन गाउँकार्यपालिकाको मिति २०८२।०७।२७ को बैठकले पारित गरि यो मापदण्ड कार्यान्वयनमा ल्याएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो मापदण्डको नाम **सूचना,विज्ञापन र सन्देश प्रकाशन/प्रशारण मापदण्ड -२०८२** हुनेछ ।

(२) यो मापदण्ड राजपत्रमा प्रकाशन गरेको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः**

(१) विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) "गाउँपालिका" भन्नाले रामारोशन गाउँपालिका अछामलाई सम्झनु पर्छ ।

(ख) "सूचना, सन्देश वा विज्ञापन" भन्नाले कुनै आर्थिक लाभ वा स्वार्थ नराखी शैक्षिक, वैज्ञानिक, सामाजिक, साँस्कृतिक वा यस्तै चेतनामूलक विषयमा पालिकाको तर्फबाट जनतालाई दिइने चेतना वा सन्देशमूलक जानकारी भन्ने बुझ्नुपर्छ ।

(ग) "संचार माध्यम" भन्नाले छापा, विद्युतीय र अनलाईन सञ्चार माध्यमलाई सम्झनु पर्नेछ ।

(घ) "बुलेटिन" भन्नाले गाँउपालिकाले प्रकाशन गर्ने मासिक, त्रैमासिक वा वार्षिक समिक्षात्मक पुस्तक र अन्य कुनै पनि निकायले प्रकाशन गर्ने पुस्तक वा स्मारिकालाई समेत सम्झनुपर्ने छ ।

(ङ) "कार्यालय" भन्नाले रामारोशन गाउँपालिका वा मातहतका वडा कार्यालयलाई समेत जनाउने छ ।

(च) "पत्रकार" भन्नाले संचार माध्यममा श्रमजीविका रुपमा कार्यरत व्यक्तिलाई सम्झनु पर्नेछ ।

**३. उद्येश्यः**

यस मापदण्डको निम्नलिखित उद्येश्य रहेका छनः

- सूचना संदेश वा विज्ञापनको समानुपातिक वितरण कार्यलाई आत्मसाथ गर्ने ।
- संचार माध्ययमको विकासलाई टेवा पुर्याँउने ।
- सुशासन, पारदर्शीता र लोकतान्त्रिक व्यवस्थाको सुदृढिकरणमा सघाउ पुर्याँउने ।
- गाउँपालिका वा कार्यालयबाट संचार माध्यममा प्रकाशन हुने सामग्रीमा एकद्वार प्रणाली अपनाउने ।

**४. संचार माध्ययमको वर्गीकरणः**

यस मापदण्ड अनुसार संचार माध्ययमहरुको वर्गीकरण कार्य तपसिल वमोजिम गरिएको छः

क. एफ. एम. रेडियोहरुः

- ५०० वाट सम्म ।
- १०० वाट सम्म

ख. पत्रपत्रिकाः

- दैनीक (नियमित)
- दैनीक (अनियमित)
- साप्ताहिक (नियमित)
- साप्ताहिक (अनियमित)
- पाक्षीक, मासिक र अन्य ।

ग. अनलाईनहरुः पालिका क्षेत्रमा संचालित र अन्य

घ. बुलेटिनहरुः पालिका क्षेत्रभित्र र अन्य

**५. प्रभाव क्षेत्र निर्धारणः**

यस मापदण्डमा संचार माध्ययमहरुको प्रभाव निर्धारण गरि निम्नानुसार प्राथमिकता दिईएको छ ।

क) रामारोशन गाउँपालिका क्षेत्रभित्र कार्यालय रहि सेवा दिईरहेका संचार माध्यम ।

ख) जिल्लाका अन्य स्थानमा कार्यालय रहि संचालनमा रहेका तर पालिका क्षेत्रमा प्रभाव राम्रो रहेका

ग) अन्य संचार माध्यमहरु ।

**६. सूचना, संदेश वा विज्ञापन वितरण प्रक्रियाः**

१. गाउँपालिकाले बजेट बाँडफाँड सहित वार्षिक विज्ञापन कार्य योजना तयार गरि र समानुपातिक रुपमा यस मापदण्डको दफा ४ र ५ अनुसार वितरण गर्ने छ । वार्षिक वा आवश्यकताअनुसार सम्झौता गरि प्रकाशन तथा प्रशारण कार्य गर्नुपर्नेछ ।

२. सूचना, सन्देश वा विज्ञापन वितरणको आर्थिक मापदण्ड अनुसुचि ३ मा उल्लेख भएबमोजिम हुनेछ ।

**७. संचार माध्ययमको कर्तव्य**

रामारोशन गाउँपालिकाको **सूचना, विज्ञापन र सन्देश प्रकाशन/प्रशारण मापदण्ड -२०८२** अनुसार सम्झौता भई कार्य गर्ने संचार माध्ययमहरुले निम्नलिखित कर्तव्य पालना गर्नुपर्ने छ ।

- पालिकाले सम्झौतापत्रमा राखेका सबैखाले सर्तहरु अक्षरसः पालना गर्नुपर्ने ।
- पालिकाबाट उपलब्ध गराईएका प्रकाशन/प्रशारण सामग्रीहरु तोकिएको समायावधिभित्र मापदण्डले तोके वमोजिम प्रकाशन/प्रशारण गर्नुपर्ने ।
- पालिकाका नियमित अन्य गतिविधिहरुलाई संचार माध्ययम मार्फत समाचारका रुपमा प्रचारप्रसारमा सहयोग गर्नुपर्ने ।
- सम्झौता गर्दा वा भुक्तानी लिंदा पनि संचार माध्ययमको दर्ता प्रमाणपत्र, पान/भ्याट दर्ता प्रमाणपत्र, कर छुट वा करचुक्ता प्रमाणपत्र लगायतका आवश्यक कागजात अनिवार्य रुपमा पेश गर्नुपर्ने ।
- प्रकाशन सामग्रीहरुलाई संचार माध्ययमले आ-आफ्नो संचार माध्यमको मापदण्ड अनुसार (रेडियोको हकमा **समय** र पत्रपत्रिका, अनलाईन र बुलेटिनको हकमा **साईज**) प्रकाशन/प्रशारण गर्नुपर्ने ।
- संचार माध्ययमले भुक्तानी लिदा वार्षिक वा विल पेश गर्दाका वखत प्रकाशित/प्रशारित सामग्रीको प्रभाव र औचित्य पुष्टि गर्ने खाले संक्षिप्त प्रतिवेदन समेत पेश गर्नुपर्ने ।

**८. सम्झौता**

१. **निवेदन दिनुपर्ने — सञ्चार माध्यामहरुले सम्झौताको लागि अनुसुचि १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने छ ।**

२. **पेश गर्नुपर्ने कागजात - सञ्चार माध्यामहरुले सम्झौता गर्न आउँदा अनुसुचि २ बमोजिमका कागजात पेश गर्नुपर्ने छ ।**

३. **सम्झौता पत्र — पालिकाका र सञ्चार माध्यम विचको सम्झौता पत्र अनुसुचि ४ मा उल्लेख भए बमोजिम हुने छ ।**

**९. अन्यः**

- रामारोशन गाउँपालिका अछामले तयार पारेको **सूचना, विज्ञापन र सन्देश प्रकाशन/प्रशारण मापदण्ड -२०८२** अनुसार सम्झौता गरेका सञ्चार माध्यमहरुले सूचना, सन्देश र विज्ञापन प्रकाशन गर्नुपर्ने छ ।
- अन्य आवश्यक प्रक्रियाहरु प्रचलित कानून वमोजिम हुनेछ ।
- उल्लिखित सिमा भन्दा वढीको भुक्तानि गर्नु पर्ने अवस्थामा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**अनुसुचि १**

**सम्झौताको लागि पेश गर्नुपर्ने निवेदनको ढाँचा**

मिति २०८ ।....।...

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
रामारोशन गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
शान्तडा, अछाम ।

**बिषय - सम्झौता गरिदिने वारे ।**

प्रस्तुत विषयका सम्बन्धमा यस रामारोशन गाउँपालिका कार्यलय वाट प्रकाशित हुने सेवा प्रवाह सम्बन्धी सम्पुर्ण सूचना हरु हाम्रो ...................................... प्रशारण/प्रकाशन गर्नको लागि तहाँ कार्यालयको नियमानूसार वार्षिक/अर्धवार्षिक/त्रैमासिक सम्झौता गरिदिन हुन अनुरोध छ ।

....................
कार्यकारी निर्देशक/सम्पादक

## अनुसुची -२
## सम्झौता गर्दा आवश्यक कागजात

१. संस्था/कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपी ( नविकरण सहित )

२. प्यान / भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपी

३. नियमानुसार पालिकामा दर्ता प्रमाण पत्रको प्रतिलिपि

४. ईजाजत प्रमाण पत्रको प्रतिलिपी ( नविकरण सहित )

५. सूचना विभागमा दर्ता प्रमाण पत्रको प्रतिलिपि ( नविकरण सहित )

६. प्रेश काउन्सिलमा सुचिकृत पत्रको प्रतिलिपी

७. विज्ञापन बोर्डमा दर्ता प्रमाण पत्रको प्रतिलिपि

८. अन्य सम्बन्धित कागजात

<u>अनसुचि -३ सूचना प्रशारण तथा प्रकाशन शुल्क मापदण्ड</u>

| क्र. सं. | सञ्चार माध्ययम | प्रकार | पालिका क्षेत्रभित्र | | | पालिका क्षेत्र बाहिर वा अन्य स्थान | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पटके | मासिक | वार्षिक | पटके | मासिक | वार्षिक | |
| १ | एफ एम रेडियो | ५०० वाट | २००० | ५००० | ३०००० | १२०० | ४००० | २५००० | पालिका क्षेत्रमा प्रभाव संचार माध्यमको प्रभावलाई मध्यनजर गरि ५०% सम्म थप भुक्तानी गर्न छ। |
| २ | एफ एम रेडियो | १०० वाट | १५०० | ४००० | २५००० | १००० | ३००० | २०००० | |
| ३ | पत्रिका | दैनीक | १२०० | ३००० | २०००० | १००० | २००० | १५००० | |
| ४ | पत्रिका | साप्ताहिक | २५०० | ३००० | १५००० | १००० | २५०० | **१२०००** | |
| ५ | पत्रिका | अनिमित/दैनिक | १००० | २००० | ९००० | १००० | २००० | **५०००** | |
| ५ | पत्रिका | अनिमित/साप्ताहिक | १००० | २००० | ९००० | १००० | १५०० | **५०००** | |
| ५ | अनलाईन | नियमित | २५०० | ४००० | १२००० | १५०० | २५०० | **१००००** | |
| ६ | पाक्षीक, मासिक | पत्रिका | २००० | ४००० | ८००० | २००० | ३००० | ६००० | |
| ७ | बुलेटीन | ० | ० | ० | ५००० | ० | ० | ५००० | |

**सम्झौता पत्रको ढाँचा**

रामारोशन गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

शान्तडा, अछाम ।

आ व २०८२।०८३

**<u>सम्झौता पत्र</u>**

यस **रामारोशन गाउँपालिका** ( यस पछी प्रथम पक्ष भनिने ) र **............................** विच यस पछी दोस्रो पक्ष भनिने बिच यस पालिकाद्वारा सेवा प्रवाह सम्बन्धी / विज्ञापन / शुभकामना / सन्देश जानकारी प्रकाशन गर्ने सम्बन्धमा तपशिल बमोजिम सेवा सर्त हुने गरि यो सम्झौता गरिएको छ ।

<u>तपशिल</u>

१. प्रथम पक्षले प्रकाशित गरेका सेवा प्रवाह सम्बन्धी सम्पुर्ण सूचना हरु दोस्रो पक्षलाई ईमेल / मेसेन्जर / समुह मार्फत जानकारी गराउनु पर्नेछ ।

२. प्रथम पक्षले उपलव्ध गराएका सूचनाहरु दोस्रो पक्षले आकर्षक रुपमा तयारी गरि प्रकाशन गर्नुपर्ने छ ।

३. दोस्रो पक्षले प्रकासन गरेको प्रति र प्रसारण गरेको जिङ्गल अनिवार्य रुपमा प्रथम पक्षलाई उपलव्ध गराउनु पर्ने छ ।

४. सूचना प्रशासन/प्रशारण गरे वापत प्रथम पक्षले दोस्रो पक्षलाई .......... रकम भुक्तानी गर्नुपर्ने छ ।

५. प्रथम पक्षले रकम भुक्तानी गर्दा वर्षमा २ पटकमा भुक्तानी गर्नुपर्ने छ ।

६. यो सम्झौता आपसी समझदारीमा सच्याउन वा रद्ध गर्न सकिने छ ।

७. दोस्रो पक्षले सम्झौता गर्न आउँदा अनुसुचि २ बमोजिमका सम्पुर्ण कागजात हरु पेश गर्नुपर्नेछ ।

| **<u>प्रथम पक्षको तर्फवाट</u>** | **<u>दोस्रो पक्षको तर्फवाट</u>** |
|---|---|
| नामथर — | नाम थर — |
| पद - ................ | पद - |
| हस्ताक्षर - | हस्ताक्षर- |

<u>साक्षी</u>

**ईति सम्वत २०८ । । रोज शूभम ।**